**UNITED NATIONS**
**OFFICE OF THE HIGH COMMISSIONER**
**FOR HUMAN RIGHTS IN NEPAL**

प्रेस विज्ञप्ति - २० मार्च २००६

## *इयान मार्टिनद्वारा सार्वजनिक सुरक्षा ऐनअन्तर्गत राखिएका थुनुवाहरूसँग भेट- स्वतन्त्रताको अधिकार पुनर्बहाली गर्न सरकारलाई आह्वान*

संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तका नेपालस्थित प्रतिनिधि इयान मार्टिनले सार्वजनिक सुरक्षा ऐनअन्तर्गत विगत दुई महिनादेखि राखिएका सबै १० जनासँग शनिवार भेट गर्नुभयो । तिनीहरूमा नरहरी आचार्य, माधव कुमार नेपाल, कृष्ण पहाडी, देवेन्द्रराज पाण्डे, रामचन्द्र पौडेल, गोपालमान श्रेष्ठ, डा. मथुरा श्रेष्ठ, श्याम श्रेष्ठ, प्रेम सुवाल र ह्रदयेश त्रिपाठी पर्दछन् । एघारौं व्यक्ति माधव गुरुङ्लाई पोखरामा राखिएको छ, जहाँ ओएचसिएचआरका अधिकृतहरूले भेट गरेका छन् । प्रेम सुवाललाई वहाँको थुना गैरकानुनी भएको भनी सर्वोच्च अदालतले गरेको आदेशपछि आइतवार रिहा गरिएको छ ।

इयान मार्टिनले भन्नुभएको छ : “यी स्वेच्छाचारी थुनाहरू तेस्रो महिनामा प्रवेस गर्न लागेकोमा म चिन्तित छु र उनीहरूको स्वतन्त्रताको अधिकार तथा अभिव्यक्ति, सङ्गठन गर्ने र शान्तिपूर्वक भेला हुने स्वतन्त्राका अधिकारहरूको पुनर्बहाली गर्न श्री ५ को सरकारलाई आह्वान गर्दछु । मेरो ब्रसेल्स, जेनेभा र न्युयोर्कको भ्रमणपछि स्वेच्छाचारी ढङ्गले राजनीतिक व्यक्तिहरूलाई थुन्ने कार्यले थप गति लिएकोमा अन्तर्राष्ट्रिय समुदायको व्यापक चासो र चिन्ता रहेको कुरा मैले उहाँहरूलाई बताएँ । यी ठाउँमा भएका बैठकहरूमा, यस्ता थुनालाई सोको वैधानिकताबारे अदालतामा चुनौती दिएको अवस्थामा यी थुनाको औचित्य पुष्टि गर्न नसकिएको र गैरकानुनी भएको पाइएको तथ्यतर्फ मैले ध्यानाकर्षण गराएको थिएँ । यस्ता थुनाहरूलाई अदालतामा चुनौती दिइएको छैन् भन्दैमा नेपालका आफ्नै कानुन र संविधानको उल्लङ्घन गरी जथाभावी थुनामा राख्ने कार्यलाई राज्यले जारी राख्नु कानुनी शासन एवं नेपालका बाध्यकारी अन्तर्राष्ट्रिय मानवअधिकार दायित्वहरूको स्पष्ट विपरित छ । शान्तिपूर्ण विरोध रोक्न स्वेच्छाचारी ढङ्गले थप धरपकड गर्नु पनि कानुनी शासनको विपरित हो ।”

*थप जानकारीका लागि सार्वजनिक जानकारी तथा बाह्य सम्पर्क इकाइ प्रमुख किरण ड्वयरलाई सम्पर्क गर्नुहोला ।*
*फोन: ४२८० १६४ (एक्सटेन्सन ३२१); मोवाइल: ९८५१०१४२६३; फ्याक्स: ४६७ ०७१२*
*इमेल:* ***kdwyer@ohchr.org***